## सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार नगरको फोहरमैला ब्यवस्थापनको सेवा शुल्क सङ्कलन सम्बन्धी

## प्रस्ताव पेश गर्ने वारे सूचना

## (प्रथम पटक सूचना प्रकाशित मिति २०७९/११/१५)

सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार यस धनगढी उप–महानगरपालिकाको वडा नं. १,२,३,४,५,६,७,८ र १३ को फोहरमैला व्यवस्थापन सेवा शुल्क उठाई उप–महानगरपालिकाको खातामा जम्मा गर्ने कार्य आ.व. २०७९/८० असार मसान्त सम्मको लागि निजी साझेदार छनौट गर्नुपर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरू मिति २०७९/११/ २९ गते कार्यालय समय सम्म तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही शिलबन्दी प्रस्ताव पेश गर्न आव्हान गरिएको छ। आवश्यक पर्ने कागजात तथा शर्तहरु सम्बन्धी विस्तृत विवरण यस कार्यालयको वेबसाइट http://www.dhangadhimun.gov.np बाट डाउनलोड गरि हेर्न सकिनेछ |

**शर्तहरु:–**

१.प्रस्ताव सम्बन्धी कागजातको सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र चालु आ.व.को लागि नवीकरण गरेको इजाजत पत्र, आयकर दर्ता पमाण पत्र एवं मु.अ.कर (भ्याट) दर्ता प्र.पत्र, आन्तरिक राजस्व कार्यालय बाट प्राप्त कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी (नोटरी पब्लिकबाट प्रमाणित ) संलग्न राखि निवेदन साथ रु ३०००।– (तीनहजार रुपैंया) दस्तुर (फिर्ता नहुने) तिरी यस धनगढी उप–महानगरपालिका कार्यालयको राजश्व शाखाबाट कार्यालय समय भित्र खरिद गर्न सकिनेछ।

२. खरिद भएको प्रस्ताव यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन (मिति २०७९/११/३०) दिनको १२ वजेभित्र यस धनगढी उप–महानगरपालिकाको कार्यालयको नाममा सम्बोधन गरि खामको बाहिर " शिलबन्दी फोहरमैला ब्यवस्थापनको सेवा शुल्क सङ्कलन को लागि साझेदार छनौटको वोलपत्र " भनी पेश गर्ने फर्म वा कम्पनीको नाम र ठेगाना स्पष्ट लेखी छाप लगाई शिलछाप गरी यस कार्यालयमा दर्ता गराउनु पर्ने छ। अन्यथा प्रस्ताव मान्य हुने छैन। साथै सोही दिन दिनको २:०० वजे प्रस्तावक वा निजको प्रतिनिधिहरुको रोहबरमा प्रस्तावहरु खोलिनेछ। प्रस्तावक वा निजका प्रतिनिधिहरु उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन।

३. प्रस्ताव पेश गर्दा ५ (पांच) प्रतिशतले हुन आउने रु ५००,००० (पाँच लाख) जमानत (बीड वण्ड) वापत यस धनगढी उप–महानगरपालिका कार्यालयको नाममा रहेको श्री राष्ट्रिय वाणिज्य बैक धनगढीको धरौटी खाता नं. ४१७०१००३०३००००२ खातामा नगदै जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" श्रेणीको वाणिज्य बैंकको १२० दिन म्याद भएको बैंक जमानी पत्र पेश गर्नु पर्नेछ।

४. प्रस्ताव खरिद गर्ने दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

रामलाल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत
(रा.प.प्रथम श्रेणी)

५. प्रस्तावकले सम्झौता गर्नु पुर्व कार्य वापत संकलन हुने अनुमानित शुल्कको १० (दस) प्रतिशतले हुन आउने रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, धनगढी शाखामा रहेको खाता न. ४१७०१००३०३००००००२ नगद जम्मा गरेको सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा जारी गरिएको "क" श्रेणीको वाणिज्य बैंकको मिति २०७९ श्रावन मसान्त सम्म समयावधि रहेको परफरमेन्स वण्ड पेश गर्नु पर्ने छ ।

६. प्रस्तावकले सम्झौता पछि शुल्क संकलन कार्य प्रारम्भ गर्नु पर्नेछ र हरेक महिनाको अन्त्यमा संकलित रकम उप-महानगरपालिकामा दाखिला गराउनु पर्नेछ |

७. सम्झौता गरिएको फर्म/संस्थाले आफुले संकलन गरेको शुल्क रकम प्रत्येक महिनाको मसान्तमा कार्यालयको संचित कोषमा दाखिला गरे पछि मासिक रुपमा उक्त फर्म/संस्था सँग भएको सम्झौता बमोजिमको रकम उपलब्ध गरिइनेछ |

८.सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य कुराहरुको हकमा सार्वजनिक निजि साझेदारी सम्वन्धी ऐन, धनगढी २०७४, सार्वजनिक खरीद ऐन, २०६३ नियमावली, २०६४, कार्यविद्यि, निर्देशिका एवं प्रचलित कानून बमोजिम हुनेछ ।

९. प्रस्ताव पेश गरी सम्झौता गर्ने फर्म/संस्थाको काम उल्लेख भएका वडाहरुमा बढी भन्दा बदी सेवाग्राही बढाउन पर्ने छ काम सन्तोषजनक नभएमा कार्यलयले सम्झौता तोड्ने सक्नेछ |

१०. संकलित फोहर नगर कार्यपालिकाको कार्यालयले व्यवस्थापन गर्ने छ |

११. शुल्क संकलन गर्ने जनशक्तिको व्यवस्थापन प्रस्तावक स्वयमले गर्नेछ |

१२. नगर कार्यपालिकाको मिति २०७९/१०/२६ गतेको निर्णय अनुसार भ्याट बाहेक प्रस्तावकलाई उठ्ने रकमको अधिकतम २० प्रतिशत उपलब्ध गराउनेछ र योग्य प्रस्तावक मध्ये सबभन्दा कम प्रतिशत लिने प्रस्ताव गर्ने प्रस्तावकलाई उप-महानगरपालिकाले छान्नेछ |

१३. दुवै पक्षमा कुनै विवाद भएमा दुवै पक्षले छलफल गरी वा प्रचलित ऐन/नियम अनुसार गरिनेछ |

..........................................

प्रमुख प्रशासकीय अधिकृत